आज मिति २०८२/०६/२८ गते मंगलबारको दिन यस शुद्धोदन गाउँपालिका गाउँ कार्यपालिकाको चालु आ.व. २०८२/०८३ को छैठौं कार्यपालिका बैठक गाउँपालिका अध्यक्ष श्री विष्णु प्रसाद बस्यालज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक कक्षमा बसी तपसिलको उपस्थितिमा देहायबमोजिमका निर्णयहरु गरियो।

उपस्थितः-

| | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री विष्णु प्रसाद बस्याल | अध्यक्ष | |
| २ | श्री शान्ता देवी ज्ञवाली | उपाध्यक्ष | |
| ३ | श्री उदयराज गडेरिया पाल | वडाध्यक्ष | |
| ४ | श्री कमल खड्का क्षेत्री | वडाध्यक्ष | |
| ५ | श्री हेम बहादुर खड्का | वडाध्यक्ष | |
| ६ | श्री केशव प्रसाद अधिकारी | वडाध्यक्ष | |
| ७ | श्री चन्द्रभान चौधरी थारु | वडाध्यक्ष | |
| ८ | श्री उपेन्द्र साहनी | वडाध्यक्ष | – |
| ९ | श्री भिम नारायण चौधरी | का.वा. वडाध्यक्ष | |
| १० | श्री शान्ति सुनार | कार्यपालिका सदस्य | – |
| ११ | श्री पवित्रा थारु | कार्यपालिका सदस्य | पवित्रा |
| १२ | श्री गिता नेपाली | कार्यपालिका सदस्य | गीता |
| १३ | श्री रुक्मिणी थारु | कार्यपालिका सदस्य | |
| १४ | श्री राममिलन लोध | कार्यपालिका सदस्य | राममिलन |
| १५ | श्री सुरेश बहादुर सार्की | कार्यपालिका सदस्य | |
| १६ | श्री लेख बहादुर बस्नेत | ~~[illegible]~~ - सचिव | |
| | आमन्त्रित | | |
| १ | तुलसा अर्याल | सहायक प्रशासकीय अधिकृत | |
| २ | श्री कमला टि.ली. | | कमला |
| ३ | | | |
| ४ | | | |

शुद्धोदन गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८२।०६।२८ गतेको बैठकका निर्णयहरु:

शुद्धोदन गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८२।०६।२८ गतेको बैठकका निर्णयहरु:

१. अघिल्लो कार्यपालिकाले गरेका विभिन्न निर्णयहरुको समिक्षा गरी आगामी दिनहरुमा निर्णयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सबै पक्षले आ-आफ्नो स्थानबाट भूमिका खेल्ने निर्णय गरियो ।

२. यस गाउँपालिकाको शुद्धोदन साथी सञ्जालले सञ्चालन गरेको कार्यक्रममा शुद्धोदन गाउँपालिकाको आ.व. २०८२/८३ वार्षिक विकास कार्यक्रमको पेज नं. १२७ सि.नं. ७१ विभिनन् संघसंस्थाले गर्ने कार्यक्रममा अनुदान शिर्षक बाट रु. १५ हजार रकम उपलब्ध गराउने निर्णय गरियो ।

३. गाउँपालिकाको वडा नं. ४ मा रहेको प्रहरी चौकी सौ.फर्सटिकरलाई सोलार व्याट्री खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

४. शुद्धोदन गाउँपालिका वडा नं. ३ सखुवानी बस्ने सुनिल बस्नेत निवेदक भै गाउँपालिकाको वडा नं. ३ को कार्यालय विरुद्ध दर्ता गरेको परमादेशको मुद्दामा बहस पैरवी गरे वापतको रकम रु. ३० हजार वार्षिक विकास कार्यक्रमको १३० को शि.नं. ११० र १११ अन्य विविध चालु खर्च शिर्षकबाट अधिकवक्ता श्री कैलाश चन्द्र ज्ञवालीलाई उपलब्ध गराउने निर्णय गरियो ।

५. गाउँपालिकाको शुद्धोदन गाउँपालिका वडा नं. ३ मा रहेको श्री दुर्गा भगवती एवं रामेश्व शिवालय मन्दिरलाई श्रीमद् देवी भागवत महापुराण र नवरात्री पुजाको लागि वार्षिक विकास कार्यक्रमको १३१ को शि.नं. १३५ विभिन्न धार्मिक तथा सांस्कृति व्यक्ति संघ संस्था सहायता खर्च शिर्षकबाट शिर्षकबाट रु. १० हजार रकम उपलब्ध गराउने निर्णय गरियो ।

६. गाउँपालिकाको वडा नं. ५ को दरवाहा सुखली खोलामा चल्दै आएको ढुङ्गा विग्रेकोले मोटर सहित उक्त ढुङ्गा मोटर सहित मर्मत गर्न लागत अनुमान तयार गरी मर्मत संभार शिर्षकबाट लागत अनुमान अनुसारको रकम उपलब्ध गराउने निर्णय गरियो ।

७. गाउँपालिकाको वडा नं. २ को खड्वा बनगाई खानेपानी उपभोक्ता तथा सरसफाई संस्थालाई मिति २०८२/०५/०५ गते राती चट्याङ् परि विद्युतका संरचनाहरुमा क्षती भएकोले लागत अनुमान तयार गरी विद्युत संरचना मर्मत शिर्षकबाट लागत अनुमान अनुसार रकम उपलब्ध गराउने निर्णय गरियो ।

८. वडा नं. २ को भुजौली साप्ताहिक हाटबाजर र वडा नं. ५ को पुरैनी साप्ताहिक हाटबजारको साप्ताहित रुपमा व्यवस्थापन गर्न सम्बन्धित वडा कार्यालयहरुलाई जिम्मा दिने निर्णय गरियो ।

९. नवप्रवर्तन साझेदारी कार्यक्रम सञ्चालनको लागि गाउँपालिकाका सबै वडाका टोलहरुमा तपसिल अनुसरा सेवा केन्द्र राख्ने निर्णय गरियो ।

शुद्धोदन गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८२।०६।२८ गतेको बैठकका निर्णयहरुः

<u>तपसिल</u>

| वडा नं. | सेवा केन्द्रहरु रहने स्थान | कैफियत |
|---|---|---|
| | गाउँकार्यपालिकाको कार्यालयमा १ वटा | |
| १ | वडा कार्यालयमा १ वटा<br>चानापार गाउँमा २ वटा<br>वेलवा समइथान चोकमा २ वटा | वडा कार्यालय बाहेकका १ स्थानमा २ वटा केन्द्रहरु रहने । |
| २ | वडा कार्यालयमा १ वटा<br>बनगाइ गाउँमा २ वटा<br>गोपालपुर गाउँमा २ वटा | |
| ३ | वडा कार्यालयमा १ वटा<br>रमुवापुर गाउँमा २ वटा<br>बेतहीमा २ वटा | |
| ४ | वडा कार्यालयमा १ वटा<br>पश्चिम मैनैया २ वटा<br>जुगडीहवा २ वटा | |
| ५ | वडा कार्यालय १ वटा<br>पुरैनी चोकमा २ वटा<br>रजाड चोकमा २ वटा | |
| ६ | वडा कार्यालयमा १ वटा<br>बकुली चोकमा २ वटा<br>कोटहिया चोकमा २ वटा | |
| ७ | वडा कार्यालयमा १ वटा<br>भगलापुरमा २ वटा<br>उत्तर मधुवनी २ वटा | |

१०. संघीय मामिला तथा सामान्य मन्त्रालयको प.सं. २०८२/८३ च.नं. ११३ मिति २०८२/६/८ को निर्देशन अध्ययन गरी सोही अनुसार गाउँपालिकाको कार्यसम्पादन गर्ने निर्णय गरियो ।

११. देशको वर्तमान संक्रमणकालिन परिस्थितीको अवस्थामा गाउँपालिकाले गरेका कामहरु तथा देशको राजनीति परिस्थितिका विषयमा समाजिक सञ्चालनमा भयवित तरिकाले सन्देश (Message) लेख्ने र पुनः तत्काल हटाउने कामले गाउँपालिकाको कार्य सम्पादनमा गम्भिर असर परेकोले उक्त कार्यमा सम्लग्न हुने यस गाउँपालिका जिम्मेवार पदमा रहेका कर्मचारीहरु लेखा अधिकृत श्री लक्ष्मण पाण्डेय र प्रशासकीय अधिकृत श्री डिल्लीराज अर्याललाई यस गाउँपालिकाबाट अन्यत्र सरुवा भै जान सहमति दिई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखि पठाउने निर्णय गरियो ।

शुद्धोदन गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८२।०६।२८ गतेको बैठकका निर्णयहरु:

१२. गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसरा गाउँपालिकाको वडा नं. ४ को फर्साटिकर चोकमा ANPR Camera जडानको लागि लागत अनुमान तयार गरी विनियोजित रकमबाट लागत अनुमान अनुसार क्यामेरा खरिद गर्न रकम अपुग भएकोले वार्षिक विकास कार्यक्रमको पेज नं. १२९ को सि.नं. ९६ बाट रु. ३ लाख ५० हजारको रकम सुनिसश्चितता गरी क्यामेरा जडान गर्ने कार्य गर्ने निर्णय गरियो ।

१३. गाउँपालिकाले सबै वडा कार्यालयहरुबाट गर्दै आएको E-Sifaris सफ्टवयरको वार्षिक मर्मत सम्झौता (AMC) चालु आर्थिक वर्षमा पनि विगत वर्षकै सम्झौता अनुसार सम्झौता गरी कार्यक्रलाई निरन्तरता दिने निर्णय गरियो ।

१४. गाउँपालिकाको जग्गा वर्गिकरणको लागि वडा कार्यालयहरुमा छलफल गर्न तपसिल अनुसार कार्यतालिका निर्धारण गर्ने निर्णय गरियो ।

तपसिल

| वडा नं. | मिति | कैफियत |
|---|---|---|
| १ | २०८२/०६/३१ २ बजे | |
| २ | २०८२/०६/३१ ११ बजे | |
| ३ | २०८२/०६/२९ ११ बजे | |
| ४ | २०८२/०६/२७ ११ बजे | |
| ५ | २०८२/०६/३० १० बजे | |
| ६ | २०८२/०६/३० १२ बजे | |
| ७ | २०८२/०६/३० २ बजे | |



CamScanner